# बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः२०८१।०८२

चलानी नं.: ६११

मितिः२०८१।०६।०२

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१ भाद्र २६ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**

श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

.........................
ध्रुवराज नेपाल
प्रशासकीय अधिकृत
प्रशासकीय अधिकृत

फोन नं. प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, पो.ब.नं. ५०८, Email:banepamun@gmail.com, info@banepamun.gov.np

Banepa Municipality
Office of Municipal Executive
Banepa, Kavrepalanchok
Bagmati Province
Nepal
2073

बैठक संख्याः ५२

आज मिति २०८१ साल भाद्र २६ गते बुधवार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिस बमोजिम निर्णयहरू गरेको छ।

उपस्थितिः

| क्र.सं. | पद | नाम,थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | | |
| ३ | सदस्य (वडा नं.१) | श्री कमल प्रसाद घिमिरे | | |
| ४ | सदस्य (वडा नं.२) | श्री राम प्रसाद घिमिरे | | |
| ५ | सदस्य (वडा नं.३) | श्री रमेश दाहाल | | |
| ६ | सदस्य (वडा नं.४) | श्री श्याम सुन्दर श्रेष्ठ | | |
| ७ | सदस्य (वडा नं.५) | श्री बलराम अधिकारी | | |
| ८ | सदस्य (वडा नं.६) | श्री सचितानन्द के.सी. | | |
| ९ | का.वा.सदस्य (वडा नं.७) | श्री रामप्यारी श्रेष्ठ | | |
| १० | सदस्य (वडा नं.८) | श्री शुभ लक्ष्मी मानन्धर | | |
| ११ | का.वा.सदस्य (वडा नं.९) | श्री मनिषा तामाङ | | |
| १२ | सदस्य (वडा नं.१०) | श्री चन्द्र बहादुर खड्का | | |
| १३ | सदस्य (वडा नं.११) | श्री शिवकुमार थापा | | |
| १४ | सदस्य (वडा नं.१२) | श्री रामबहादुर कुँवर | | |
| १५ | सदस्य (वडा नं.१३) | श्री रामलाल दुवाल | | |
| १६ | सदस्य (वडा नं.१४) | श्री टुल्कु लामा | | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | | |
| १८ | सदस्य | श्री समिता थापा | | |
| १९ | सदस्य | श्री ज्योती बोगटी | | |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | | |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | | |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | | |
| २३ | सदस्य | श्री कमला परियार | | |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | | |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री भोलाप्रसाद चापागाईं | | |
| २६ | प्र.अ. | श्री ध्रुवराज नेपाल | | |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## ५२ औं कार्यपालिका बैठकका छलफलका विषयहरू:

१. तपसिल बमोजिमका विधेयक स्वीकृत सम्बन्धमा।
  क. शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८१
  ख. नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० मा संसोधन।
  ग. टोल विकास संस्था दर्ता, संचालन तथा अनुगमन कार्यविधि, २०८१
  घ. फोहोरमैला स्वव्यवस्थापन निर्देशिका, २०८१
२. बनेपा नगरपालिकाका नगर प्रमुखज्यू र उपप्रमुखज्यूको मित्रराष्ट्र चीनको भ्रमण कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।
  क. काभ्रे जिल्लाका लागि निर्धारित दररेटको ८० प्रतिशतले हुन आउने ज्याला रकम स्वीकृत गर्ने।
  ख. वडाबाट सिफारिस भई आएका योजनाहरू स्वीकृत गर्ने।
  ग. योजनाहरूको प्राथमिकता क्रम निर्धारण गर्ने।
४. तपसिलका विषय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा।
  क. विज्ञापन कर असूली।
  ख. बुडोल सपिङ कम्प्लेक्सका खाली स्थान बहालमा दिने।
  ग. बनेपा बसपार्क पार्किङ शुल्क असूली गर्ने।
  घ. गोंसाईस्थान बनभोज स्थल लगायतका पूर्वाधार संचालन सम्बन्धी बोलपत्र रद्द गर्ने।
५. सहकारी अनुगमन तथा छानविन समिति गठन सम्बन्धमा।
६. विविध।

-::निर्णयहरू::-

| नि. नं. | छलफलका विषय | निर्णयहरू |
|---|---|---|
| १ | विधेयकहरु स्वीकृत गर्ने सम्बन्धमा। | |
| | क) शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८१ | शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने । |
| | ख) नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० मा थप तथा संसोधन सम्बन्धमा । | नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० मा थप तथा संशोधन गर्ने सम्बन्धमा विधायन समितिको बैठकबाट निर्णय भई पेश भएको संसोधन प्रस्तावमाथि छलफल हुँदा उक्त कार्यविधि, २०८० मा देहाय बमोजिम थप तथा संशोधन गर्ने।<br>क) कार्यविधिको दफा ३ को उपदफा ४(क) मा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र नेपाली सेनामा सेवारत रही कुनै किसिमको विभागीय सजाय नपाएका व्यक्तिको हकमा उमेर हद २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र दफा ३ को उपदफा ४(ख) मा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनामा सेवारत रही कुनै किसिमको विभागीय सजाय नपाएका व्यक्तिको हकमा उमेर हद १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको व्यवस्था थप गर्ने।<br>ख) ऐ. कार्यविधिको दफा ७ को उपदफा ७ पछि उपदफा ८ थप गरिएको: |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७२

| | | |
|---|---|---|
| | | उपदफा (८) नगर प्रहरीको कुनै पदमा प्रतिक्षा सूचीमा रहेका कुनै उम्मेदवारले समान वा तल्लो पद एक वर्षभित्रमा रिक्त भएमा स्वइच्छाले उक्त पदमा रही कामकाज गर्न मन्जुर गरी निवेदन दिएमा निजलाई समान वा तल्लो पदमा सेवा करार सम्झौता गरी काममा लगाउन सकिनेछ।<br>ग) अनुसूची ४ मा संसोधनः<br>अ) अनुसूची ४(क)मा परीक्षाको पाठ्यक्रम, परीक्षाको किसिम शीर्षकको क्र.सं. १ को प्रथम चरणको विवरण शीर्षकमा "शारीरिक स्वास्थ्य परीक्षण र तन्दुरूस्ती परीक्षा" भनी संशोधन गरिएको।<br>आ) अनुसूची ४(क) परीक्षाको पाठ्यक्रम, परीक्षाको किसिम शीर्षकको क्र.सं. ३ को (३) तेस्रो चरणको विवरण शीर्षकमा "पूर्णाङ्क ४० र उत्तीर्णाङ्क १६ भनी संशोधन गरिएको।<br>इ) अनुसूची ४(क)को नोट उपशीर्षकमा अन्तर्वार्ताको लागि अंक प्रदान गर्दा घटीमा ५० प्रतिशत (अर्थात २० अंक) र बढीमा ७० प्रतिशत (२८ अंक) भन्दा बढी अंक दिन पाइने छैन भन्ने व्यहोरा थप गरिएको।<br>ई) अनुसूची ४(क) मा दोस्रो चरणको लिखित परीक्षाको क्र.सं. १ को नेपाली अंग्रेजी विषयमा पछिको कैफियत महलमा समय १ घण्टा हुने भनी संसोधन गरिएको।<br>उ) अनुसूची ४(क) मा दोस्रो चरणको लिखित परीक्षाको क्र.सं. २ को सामान्य ज्ञान र बौद्धिक परीक्षण विषयमा पछिको कैफियत महलमा समय १ घण्टा हुने भनी संसोधन गरिएको।<br>ऊ) अनुसूची ४(क) मा तेस्रोपत्र पेशागत अभिवृत्ति परीक्षणको क्र.सं. ९ पछि क्र.सं. १० थप गरिएको।<br>ऋ) क्र.सं. १० मा नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० (पहिलो संशोधन, २०८१) भनी उल्लेख गरिएको। |
| | घ) टोल विकास संस्था दर्ता, संचालन तथा अनुगमन कार्यविधि, २०८१ | ङ) विधायन समितिबाट सिफारिस भई आए बमोजिमको टोल विकास संस्था दर्ता, संचालन तथा अनुगमन कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| | च) फोहोरमैला स्वव्यवस्थापन निर्देशिका, २०८१ | छ) विधायन समितिबाट सिफारिस भई आए बमोजिमको फोहोरमैला स्वव्यवस्थापन निर्देशिका, २०८१ स्वीकृत गर्ने। |
| २ | बनेपा नगरपालिकाका नगर प्रमुखज्यू र उपप्रमुखज्यूको मित्रराष्ट्र चीनको भ्रमण सम्बन्धमा। | मित्रराष्ट्र चीनको युनान प्रान्तको कुमिङ नगरपालिका (Kunming Municipality) को ३० अगस्ट, २०२४ को पत्रानुसार उक्त नगरपालिकामा मिति २०२४ नोभेम्बर १७ देखि नोभेम्बर २० सम्म आयोजना हुने China International Friendship Cities Conference मा सहभागिता जनाउन भएको मैत्रीपूर्ण निमन्त्रणा बमोजिम बनेपा नगरपालिकाका प्रमुख श्री शान्ति रत्न शाक्य र उप-प्रमुख श्री बिमला सापकोटा (दाहाल) बाट हुने भ्रमण कार्यक्रम स्वीकृत गरी मनोनयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारमा अनुरोध गर्ने। |

<table>
<tr><td>३</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।</td><td>क) यस नगरपालिका अन्तर्गत चालु आ.व. २०८१/८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न हुने कामदारहरूलाई उपलब्ध गराउने पारिश्रमिकका सम्बन्धमा छलफल हुँदा कामदारहरुका लागि काभ्रे जिल्लाका लागि निर्धारित दररेटको ८० प्रतिशतले हुन आउने ज्याला रकम स्वीकृत गर्ने।<br>ख) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडाबाट सिफारिस भई आएका योजनाहरू स्वीकृत गर्ने।<br>ग) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडाबाट प्राथमिकता क्रम निर्धारण भई पेश भएका योजनाहरू प्राथमिकता क्रम बमोजिम क्रमशः कार्यान्वयन गर्ने।<br>घ) वडाबाट सूचिकृत भई आएका बेरोजगारहरूको विवरणबाट वडाको प्राथमिकता क्रम अनुसारका व्यक्तिहरूलाई रोजगारीमा खटाउने।</td></tr>
<tr><td>४</td><td>क) विज्ञापन कर असूली सम्बन्धमा।<br>ख) बनेपा ६ स्थित बुडोल सपिङ कम्प्लेक्सका खाली स्थान बहालमा दिने सम्बन्धमा।<br>ग) बनेपा ८ स्थित बनेपा बसपार्क पार्किङ शुल्क असूली सम्बन्धमा ।</td><td>बनेपा नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८१/०५/१८ को निर्णयबाट सिफारिस भई आए अनुसार तपसिल बमोजिमको ठेक्काको दुई वर्षको न्यूनतम कबोल अंक संशोधन गरी पुनः बोलपत्र आह्वान गर्ने।<br><table>
<tr><th>क.सं.</th><th>ठेक्काको नाम</th><th>सविक न्यूनतम कबोल अंक रू.मा</th><th>घटाइए को प्रतिशत</th><th>कायम हुन आउने न्यूनतम कबोल अंक रू. मा</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>विज्ञापन कर असुली</td><td>४०,५८,०००/-</td><td>२५%</td><td>३०,४३,५००/-</td><td></td></tr>
<tr><td>२.</td><td>बुडोल सपिङ कम्प्लेक्स बहाल</td><td>५०,००,०००/-</td><td>२५%</td><td>३७,५०,०००/-</td><td>यसअघि गरिएको दुईवटा ठेक्कालाई एकमुस्ट गरिएको।</td></tr>
<tr><td>३.</td><td>बसपार्क पार्किङ शुल्क असुली</td><td>६०,००,०००/-</td><td>३०%</td><td>४२,००,०००/-</td><td></td></tr>
</table></td></tr>
<tr><td></td><td>घ) गोंसाईस्थान बनभोज स्थल लगायतका पूर्वाधार संचालन सम्बन्धी बोलपत्र रद्द गर्ने।</td><td>बनेपा नगरपालिका ६ स्थित गोसाईंस्थान बनभोज स्थलको ठेक्का प्रकृया सम्बन्धमा राजस्व परामर्श समितिको मिति २०८१/०५/१८ को निर्णयबाट सिफारिस भई आए बमोजिम सो ठेक्का प्रकृया रद्द गर्ने।</td></tr>
</table>

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| ५ | आर्थिक ऐन, २०८१ मा छुट हुन गएका दररेटका सम्बन्धमा । | बनेपा नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८१/०५/२५ को बैठकबाट आर्थिक ऐन, २०८१ मा छुट हुन गएका विषयहरू आगामी हिउँदे अधिवेशनबाट अनुमोदन गर्नेगरि कार्यान्वयनका लागि तपसिल बमोजिम व्यवस्था गर्ने। क) |

| क्र. सं. | छुट भएका उद्योग/ व्यवसाय वा विवरण | पुँजीको आधारमा वार्षिक (प्रस्तावित) कर | | | गरिएको निर्णय |
|---|---|---|---|---|---|
| | | रु. ५ लाख सम्मको | रु. ५-१० लाख सम्मको | रु. १० लाख भन्दा माथि | |
| १ | स्टिल उद्योग | ५००० | ७००० | १०००० | उद्योगको शीर्षक थप गरी दर्ता र नवीकरणको शुल्क सिफारिस गर्ने । |
| २ | फर्निचर उद्योग | ५००० | ७००० | १०००० | अनुसूची-४(क) को ३७ अन्तर्गत काठ गोदाम तथा काठ चिरान शीर्षकमा समावेश गर्ने । |
| ३ | कृषि सामग्री/एग्रोभेट पसल | २५०० | ३५०० | ६००० | अनुसूची-४(ञ) को २१८ अन्तर्गत औषधी पसल/भेटेरिनरी तथा सर्जिकल ईक्विपमेन्ट शिर्षकमा समावेश गर्ने । |
| ४ | कृषि सामग्री उत्पादन तथा अनुसन्धान | २५०० | ३५०० | ६००० | |
| ५ | कार्गो सेवा | १५०० | ५००० | ७५०० | अनुसूची-४(क)को ७ अन्तर्गत सामान ढुवानी तथा कम्पनी ट्रान्सपोर्ट सर्भिस शीर्षकमा समावेश गर्ने । |
| ६ | किचेन सामग्री पसल | १२०० | ३००० | ६५०० | अनुसूची-४(क) को ३२ अन्तर्गत भाँडा पसल शीर्षकमा समावेश गर्ने । |
| ७ | तार जाली उद्योग | ३००० | ५००० | ७००० | अनुसूची-४(ख) को ८५ अन्तर्गत ट्रस, आल्मुनियम, फ्रेम बनाउने उद्योग शीर्षकमा समावेश गर्ने । |
| ८ | टायर पसल | बस, ट्रक, मिनीबस- रु.५०००<br>कार, जिप, मोटरसाइकल- रु.२०००<br>साइकल- रु.१००० | | | व्यवसायको शीर्षक थप गरी दर्ता र नवीकरण शुल्क सिफारिस गर्ने । |
| ९ | पाउँ उद्योग | १० लाख सम्मः रु.१०००<br>१० लाख भन्दा माथिः रु.१५०० | | | व्यवसायको शीर्षक थप गरी दर्ता र नवीकरण शुल्क सिफारिस गर्ने । |
| १० | इभेन्ट म्यानेजम्यान्ट | रु.१५०० | | | अनुसूची-४(क)को ४९ अन्तर्गत फुलमाला सजावट पसल शीर्षकमा समावेश गर्ने । |

बोधिचित्त माला

| | | | |
|---|---|---|---|
| ११ | बोधिचित्त दाना उत्पादन | बिक्री मुल्यको ५ (पाँच) प्रतिशत (क्रय-विक्रयको सम्झौता अनिवार्य पेश गर्नुपर्ने) | अनुसूची-१५(१) अन्तर्गत प्रमाणित र सिफारिस तथा बक्सौनी दस्तुर शीर्षकमा समावेश गर्ने । |
| | बोधिचित्त मालासँग सम्बन्धित व्यवसाय | रु. १०,०००।- | व्यवसायको शीर्षक थप गरी दर्ता र नवीकरण शुल्क सिफारिस गर्ने । |

ख. अनुसूची-४(क)को ६१ अन्तर्गत सवारी साधन(हेभि ईक्विपमेन्ट) बिक्रेता शिर्षकमा १ करोडभन्दा माथि पुंजी भएको महल थप गरी सो महलमा रु.५०,०००।- र ६२ अन्तर्गत सवारी साधन (अन्य चार पांग्रे) बिक्रेता शिर्षकमा १ करोडभन्दा माथि पुंजी भएको महल थप गरी सो महलमा रु.२०,०००।- कायम गर्न सिफारिस गर्ने ।

ग) अनुसूची-११(२) अन्तर्गत घ मा "माथि जुनसुकै दर उल्लेख भएतापनि अस्थायी प्रकृतिको टहरा/जस्ताले घेराबार गरेर निर्माण हुने एक तल्ले टहराका हकमा तोकिएको उल्लेखित दरको ५० प्रतिशत मात्र दस्तुर लाग्नेछ ।" भनी थप गर्न सिफारिस गर्ने ।

घ) आर्थिक ऐन, २०८१ मा समावेश नभएका विद्युत खपत क्षमताको आधारमा वर्गीकरण गरिएका वा अन्य उद्योगहरुको तपसिल बमोजिम पुँजीको आधारमा दर्ता र नवीकरण गर्नको लागि सिफारिस गर्ने।

| | |
|---|---|
| कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको सामान प्रयोग वा प्रशोधन गरी उत्पादन गर्ने उद्योग व्यवसायमा | <u>पुँजीको आधारमा</u><br>५ लाखसम्मः रु.२०००<br>५ देखि १० लाखसम्मः रु.३०००<br>१० लाखभन्दा माथिः रु.५०००<br>१ करोडभन्दा माथिः रु.१५००० |

| | | |
|---|---|---|
| ६ | सहकारी अनुगमन तथा छानविन समिति गठन सम्बन्धमा। | देहाय बमोजिम ४ सदस्यीय सहकारी अनुगमन तथा छानविन समिति गठन गर्नेः<br>क) संयोजकः प्रशासकीय अधिकृत श्री ध्रुवराज नेपाल<br>ख) सदस्यः चार्टर्ड एकाउन्टेन्ट (CA)<br>ग) सदस्यः जिल्ला बचत संघ, काभ्रेका प्रमुख कार्यकारी अधिकृत (CEO) ।<br>घ) सदस्य सचिवः बनेपा नगरपालिका सहकारी शाखा प्रमुख।<br>साथै समितिका काममा प्रभावकारिता ल्याउन नगरपालिकामा कार्यरत अन्य कर्मचारीलाई समेत परिचालित गर्न सकिनेछ। |

प्रमुख

उपप्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

<table>
<tr>
<td>७</td>
<td>बनेपा नगरपालिका स्थित सामुदायिक विद्यालयहरुको लेखा परीक्षण गर्न देहाय बमोजिम लेखा परीक्षकहरु नियुक्ती गर्ने ।</td>
<td>यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूको आ.व. २०८०/८१ को लेखा परीक्षण गर्ने प्रयोजनका लागि सम्बन्धित विद्यालयबाट सिफारिस भई आएका लेखा परीक्षकहरूमध्ये तपसिल बमोजिमका विद्यालयहरूमा देहाय बमोजिम लेखा परीक्षकहरु नियुक्ति गर्ने।
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>संस्थाको नाम</th><th>लेखा परीक्षकको नाम</th></tr>
<tr><td>१</td><td>अरुणोदय आ.वि.</td><td>राजेन्द्र प्रसाद चौलागाईं एण्ड एसोसिएट्स</td><td>राजेन्द्र प्रसाद चौलागाई</td></tr>
<tr><td>२</td><td>आजाद मा. वि.</td><td>वि. शर्मा एण्ड एसोसिएट्स</td><td>बद्री प्रसाद शर्मा</td></tr>
<tr><td>३</td><td>आदर्श बाल विकास केन्द्र</td><td>जीत श्रेष्ठ एण्ड एसोसिएट्स</td><td>जीत बहादुर श्रेष्ठ</td></tr>
<tr><td>४</td><td>काभ्रे बहिरा मा. वि.</td><td>आर. पि. सापकोटा एसोसिएट्स</td><td>राम प्रसाद सापकोटा</td></tr>
<tr><td>५</td><td>गणेश भारती मा. वि.</td><td>गणेश दाहाल एण्ड एसोसिएट्स</td><td>गणेश प्रसाद घिमिरे</td></tr>
<tr><td>६</td><td>चक्रज्योति मा. वि.</td><td>वि. शर्मा एण्ड एसोसिएट्स</td><td>बद्री प्रसाद शर्मा</td></tr>
<tr><td>७</td><td>चण्डेश्वरी सृष्टिकान्त मा. वि.</td><td>थपलिया जे. पी. एण्ड एसोसिएट्स</td><td>जगत प्रसाद थपलिया</td></tr>
<tr><td>८</td><td>चैतन्य मा. वि.</td><td>राजु के. सी. एण्ड कम्पनी</td><td>राजु के. सी.</td></tr>
<tr><td>९</td><td>जनज्योति मा. वि.</td><td>चौलागाईं एण्ड एसोसिएट्स</td><td>कृष्ण प्रसाद चौलागाई</td></tr>
<tr><td>१०</td><td>जागृति आ. वि.</td><td>सापकोटा एण्ड एसोसिएट्स</td><td>सत्य नारायण सापकोटा</td></tr>
<tr><td>११</td><td>देवीटार आ. वि.</td><td>राजेन्द्र प्रसाद चौलागाई एण्ड एसोसिएट्स</td><td>राजेन्द्र प्रसाद चौलागाई</td></tr>
<tr><td>१२</td><td>नन्दादेवी आ. वि.</td><td>एच. के. अधिकारी एण्ड एसोसिएट्स</td><td>हरी केशव अधिकारी</td></tr>
<tr><td>१३</td><td>धर्मज्योति आ. वि.</td><td>हरी कृष्ण एण्ड एसोसिएट्स</td><td>हरी कृष्ण श्रेष्ठ</td></tr>
<tr><td>१४</td><td>प्रभात मा. वि.</td><td>आर. वि. सी एण्ड कम्पनी</td><td>रमेश बहादुर बस्नेत</td></tr>
<tr><td>१५</td><td>बनेपा आ. वि.</td><td>एम पन्त एण्ड एसोसिएट्स</td><td>माधव प्रसाद पन्त</td></tr>
<tr><td>१६</td><td>भक्तेश्वर गोसाईकुण्ड मा. वि.</td><td>हरी कृष्ण एण्ड एसोसिएट्स</td><td>हरी कृष्ण श्रेष्ठ</td></tr>
<tr><td>१७</td><td>महांकाल आ. वि.</td><td>रमेश बहादुर बस्नेत एण्ड कम्पनी</td><td>रमेश बहादुर बस्नेत</td></tr>
<tr><td>१८</td><td>महेन्द्र मा. वि.</td><td>सापकोटा एण्ड एसोसिएट्स</td><td>सत्य नारायण सापकोटा</td></tr>
<tr><td>१९</td><td>रत्नचुण्डेश्वर मा. वि.</td><td>एन. पि. भट्टराई एण्ड एसोसिएट्स</td><td>प्रदिप कुमार भट्टराई</td></tr>
<tr><td>२०</td><td>शिक्षा सदन मा. वि. (प्रगती बाल विकास केन्द्र समेत )</td><td>जित श्रेष्ठ एण्ड एसोसिएट्स</td><td>जित बहादुर श्रेष्ठ</td></tr>
<tr><td>२१</td><td>शुभचामुण्डा मा. वि.</td><td>एम. पन्त एण्ड एसोसिएट्स</td><td>माधव प्रसाद पन्त</td></tr>
<tr><td>२२</td><td>श्वेत बराह मा. वि.</td><td>डि. पी. अधिकारी एण्ड एसोसिएट्स</td><td>दण्डपानी अधिकारी</td></tr>
<tr><td>२३</td><td>सपनेश्वर मा. वि.</td><td>सि. सिटौला एण्ड एसोसिएट्स</td><td>छविलाल सिटौला</td></tr>
<tr><td>२४</td><td>सुन्दरीमाई आ. वि.</td><td>सापकोटा एण्ड एसोसिएट्स</td><td>सत्यनारायण सापकोटा</td></tr>
<tr><td>२५</td><td>हिमालय मा. वि.</td><td>एम. पन्त एण्ड एसोसिएट्स</td><td>माधव प्रसाद पन्त</td></tr>
<tr><td>२६</td><td>नैमिषारण्य संस्कृत गुरुकुलम्</td><td>एस. पी. शर्मा एसोसिएट्स</td><td>शारदा प्रसाद शर्मा धिताल</td></tr>
<tr><td>२७</td><td>सरस्वती आ. वि.</td><td>चौलागाई एण्ड एसोसिएट्स</td><td>कृष्ण प्रसाद चौलागाई</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>८</td>
<td>आशापुरी स्वास्थ्य चौकीका लागि कार्यालय सहयोगि पदपूर्ति सम्बन्धमा।</td>
<td>बनेपा नगरपालिका वडा नं. १४ अन्तरगत आशापुरीमा नवनिर्मित स्वास्थ्य चौकी भवनबाट समेत स्वास्थ्य सेवा प्रवाह गर्नका लागि १ जना कार्यालय सहयोगी आवश्यक भएकाले सम्बन्धित वडा समितिले आवश्यक प्रकृया पुरा गरी करार सेवामा एकजना कार्यालय सहयोगी नियुक्ति गर्न १४ नं वडा कार्यालयलाई अख्तियारी दिने ।</td>
</tr>
</table>

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०४३

| | | |
|---|---|---|
| ९ | विपद सम्बन्धी आर्थिक सहायता सम्बन्धमा। | बनेपा नगरपालिका अन्तर्गत विपदका घटनामा परी आर्थिक सहायता उपलब्ध गराउन भनी पेश भएका/हुने निवेदनहरूका सम्बन्धमा बनेपा नगरपालिका विपद व्यवस्थापन समितिको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने । |
| १० | जात्रा पर्वलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | चण्डेश्वरी जात्रा लगायत बनेपा नगरपालिका अन्तरगत विभिन्न स्थानहरुमा सञ्चालन हुने जात्रा पर्वको लागि अघिल्लो आर्थिक बर्षमा दिइएको भुक्तानीमा नबढ्ने गरी आर्थिक सहयोग उपलब्ध गराउने । |
| ११ | सीमा नक्साङ्कन सम्बन्धमा। | बनेपा नगरपालिका वडा नं १ र ४ को सीमानामा बग्ने पुन्यमाता नदीको सीमाङ्कन गर्न आवश्यक भएकोले साविक नापी नक्सालाई आधार मानी उक्त नदीको नापनक्साको कार्य स्थानीय बासिन्दाको सहभागितामा गर्ने व्यवस्था मिलाउने । |
| १२ | देहाय बमोजिम संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने। | क. नेपाल हृदय रोग निवारण प्रतिष्ठान काभ्रे शाखाले असोज महिनाको विभिन्न मिति र समयमा बनेपा नगरपालिकाका विभिन्न स्थानमा संचालन गर्ने मुटु उपचार शिविरको लागि रु. १५०००/- (अक्षरुपी पन्ध्र हजार रुपैंया) आर्थिक सहायता उपलब्ध गराउने । |
| | | ख. काठमाण्डौ विश्वविद्यालय अन्तरगतको टिम उर्जाले आयोजना गर्ने फर्मुला भारत २०२५ नामक कार्यक्रमका लागि रु १००००/- (अक्षरुपी दश हजार रुपैंया) आर्थिक सहायता उपलब्ध गराउने । |
| | | ग. गुरुकुल बेलर क्याम्पसले मिति २०८१ असोज १५ गते काभ्रे जिल्लामा रहेका २१ वटा क्याम्पसमा प्राध्यापनरत सम्पूर्ण शिक्षकहरुको बीचमा सञ्चालन गर्ने हाजिरी जवाफ प्रतियोगिताका लागि रु १५०००/- (अक्षरुपी पन्ध्र हजार रुपैंया) आर्थिक सहायता उपलब्ध गराउने । |
| १३ | ब्याङ्ग ढुङ्गा कलमसी सडक कालोपत्रे बनेपा १ को लागि स्रोत व्यवस्थापन। | बनेपा नगरपालिका वडा नं. १ मा पर्ने चालु आ.व. २०८१/८२ को नगरस्तरीय योजना अन्तर्गत पर्ने ब्याङ्ग ढुङ्गा कलमसी- सडक कालोपत्रे आयोजना का लागि रू. ५०,००,०००/- (पचास लाख) विनियोजन भएको छ। टेण्डर प्रकृया मार्फत सम्पादन हुने उक्त योजनाको लागत इस्टिमेट गर्दा विनियोजित रकमभन्दा बढि रकम ल.ई. भई आएमा अपुग हुने रकम नगरपालिकाको आन्तरिक स्रोतबाट भुक्तानीको व्यवस्था मिलाउने गरी टेण्डरको प्रकृया अघि बढाउने। |
| १४ | चण्डेश्वरी मन्दिरमा महानवरात्र (बडादशैं) पूजा संचालन सम्बन्धमा। | बनेपाकी आरध्य देवी माता चण्डेश्वरीको मन्दिरमा मिति २०८१ असोज १७ गतेदेखि २६ गतेसम्म महानवरात्र (बडादशैं) पूजा संचालनको लागि गतवर्षहरूमा जस्तै यस वर्ष पनि उक्त मन्दिरका प्रधान कार्यकर्ता (द्वारे) चन्द्र बहादुर रंजितलाई रू. ५,००,०००/- (पाँचलाख मात्र) उपलब्ध गराउने। |
| १५ | एम्बुलेन्स खरिद प्रकृया सम्बन्धमा। | मनकामना हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि., बनेपा ६ ले प्रा.लि.को तर्फबाट यस नगरपालिकालाई एकथान एम्बुलेन्स उपलब्ध गराउने प्रतिवद्धता बमोजिम कर छुटको सुविधा सहित एम्बुलेन्स खरिद प्रकृया अघि बढाउन जनस्वास्थ्य कार्यालय, धुलिखेललाई अनुरोध गर्ने। |

प्रमुख

उपप्रमुख